विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०८/११ मा बसेको बैठकका एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | भुक्तानी दिन बाँकि योजना र सञ्चालनमा रहेका योजनाहरूको भुक्तानी तथा कार्यान्वयन सम्बन्धमा। | गत आ.व. २०८१/०८२ मा सञ्चालित योजना तथा कार्यक्रमहरूको कार्य सम्पन्न भएता पनि स्रोत अभाव लगायतका कारण सोही आ.व.मा भुक्तानी गर्न नसकिएको एवम् अन्य विविध कारणले उक्त योजना/कार्यक्रमहरू आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत भुक्तानी दिन बाँकी योजनाहरूको रुपमा दायित्व सारिएकोमा गत २०८२ साल भदौ २३ र २४ गते जेन-जी आन्दोलनको क्रममा भएको तोडफोड र आगजनीबाट कार्यालयको योजना तथा पूर्वाधार विकास महाशाखामा पूर्ण रुपमा क्षति पुगी महाशाखामा रहेका सम्पूर्ण सामग्री तथा फाइल/मिसिल/कागजातहरू जलेर नष्ट भएको हुँदा परिस्थितिजन्य कारणले उत्पन्न बाधालाई मध्यनजर गर्दै हाल उपलब्ध प्रमाण तथा जानकारीको आधारमा सम्बन्धित निर्माण व्यवसायी तथा उपभोक्ता समितिबाट अनुसूची-१ बमोजिमको कागजातहरू पेश भएपश्चात स्थलगत निरीक्षण तथा नापजाँच गरी योजना/कार्यक्रमहरूको भुक्तानी एवम् कार्यान्वयन प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो। |
| २ | गत भदौ २४ गतेअघि प्रक्रियामा रहेकाको भवन निर्माण इजाजत तथा नक्सा पास सम्बन्धमा।<br>विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल<br>प्रतिलिपि<br>अधिकृत आठौं | गत भदौ २३ र २४ गते जेन-जी आन्दोलनको क्रममा भएको तोडफोड र आगजनीबाट कार्यालयको भवन तथा भवन संहिता एवम् निर्माण इजाजत शाखामा पूर्ण रुपमा क्षति पुगी शाखामा रहेका सम्पूर्ण सामग्री तथा फाइल/मिसिल/कागजातहरू जलेर नष्ट भएको हुँदा २०८२ साल भदौ २४ गतेभन्दा अघि कार्यालयमा दर्ता भई प्रक्रियामा रहेकाको हकमा भवन निर्माण इजाजत तथा नक्सा पास सम्बन्धमा देहाय बमोजिम गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।<br>१. जलेर नष्ट भएका प्रक्रियाको चरणमा रहेका मिसिल/फाइलहरू उपलब्ध प्रमाण (दस्तुर तिरेको रसिद, १५ दिने सूचना लगायत मिसिल दर्ता भएको अन्य कुनै प्रमाण खुल्ने कागजात) का आधारमा पुनः नयाँ फाइल खडा गरी नक्सा पास प्रक्रिया अगाडि बढाउने र सोका लागि निःशुल्क नयाँ फाइल (दरखास्त फाराम) उपलब्ध गराउने तथा जरिवाना समेत छुट गर्ने।<br>२. कन्सलटेन्ट इन्जिनियरबाट निर्माणको चरणमा रहेको वा निर्माण सम्पन्न भइसकेको भवनले तोकिएको मापदण्ड पूरा गरेको तथा नियमसङ्गत र कानून बमोजिम निर्माण भएको पुष्ट्याइँसहित प्रतिवेदन पेश गरेमा उपलब्ध प्रमाणका आधारमा अन्य प्रक्रिया अघि बढाउने।<br>३. सँधियारको सूचना तामेलीको प्रमाण नभएमा सँधियारको नाममा पुनः १५ दिने सूचना काटी बाँकि प्रक्रिया गर्ने।<br>४. आगजनीबाट मिसिल/फायल नष्ट भएका साविकमा नक्सा पास भएका भवनको नामसारी गर्दा घरधनी/जग्गाधनीसँग भएको नक्सा पास सम्बन्धी कुनै पनि प्रमाणको आधारमा नामसारी गर्ने। |
| ३ | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा। | विराटनगर महानगरपालिकाको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२ सर्वसम्मतिले स्वीकृत गरियो। |

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| ४ | कार्यगत अभ्याससहितको तालिम सञ्चालन सम्बन्धमा। | दीगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना दोस्रो (ENSSURE II) कार्यक्रम अन्तर्गत कार्यगत अभ्याससहितको तालिम सञ्चालनका लागि सङ्घीय सशर्त अनुदान तथा महानगरपालिकाको आन्तरिक स्रोतबाट विनियोजित बजेटबाट जि-टु-जि माध्यमबाट कार्यान्वयन हुनेगरी तालिम प्रदायक संस्थाका रुपमा महानगर बहुप्राविधिक शिक्षालयलाई छनोट गर्ने र प्रति विषय २०(बीस) जनाका दरले प्रशिक्षार्थी रहनेगरी प्रोफेसनल प्लम्बर र प्रोफेसनल बिल्डिङ इलेक्ट्रिसियन विषयको तालिम सञ्चालन गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो। |
| ५ | एकमुष्ट विनियोजित बजेटको विस्तृत बाँडफाँट गरिएको निर्णयको अनुमोदन सम्बन्धमा। | विराटनगर महानगरपालिका, नगर सभाको सोह्रौं अधिवेशनबाट स्वीकृत आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत देहायको शीर्षकमा एकमुष्ट रुपमा विनियोजित बजेटलाई आवश्यकताका आधारमा गरिएको विस्तृत बाँडफाँटको विभिन्न मितिको निर्णय (प्रमुखस्तरीय) लाई सर्वसम्मतिले अनुमोदन गरियो। |

देहायः-

| क्र. स. | कार्यक्रम/योजना शीर्षक | विनियोजित एकमुष्ट रकम (रु.) | विस्तृत बाँडफाँटको विवरण |
|---|---|---|---|
| १ | विद्युत्तिकरण कार्यक्रम | ८०,००,०००।- | सडक बत्ती व्यवस्थापन : रु.४०,००,०००।- |
| | | | पुरानो राजस्व शाखा समेत २ तला वाइरिङ : रु.१०,००,०००।- |
| | | | पुरानो भवन कानून शाखा समेत भुईं र पहिलो तला वाइरिङ : रु.१०,००,०००।- |
| | | | जेनेरेटर मर्मत : रु.१०,००,०००।- |
| | | | मुख्य प्यानल बोर्ड मर्मत र अन्य प्यानल नयाँ जडान : रु.१०,००,०००।- |
| २ | नगर अस्पताल स्वास्थ्य बिमा फार्मेसी सुदृढिकरण, प्रयोगशाला सेवा सुदृढिकरण तथा अस्पताल सञ्चालन र व्यवस्थापन खर्च | १,००,००,०००। | रानी अस्पतालमा नवनिर्मित भवनमा विद्युत्तिकरण : रु.१०,००,०००।- |
| | | | बैजनाथपुर अस्पतालमा नवनिर्मित भवनमा विद्युत्तिकरण : रु.१०,००,०००।- |
| | | | रानी र बैजनाथपुर अस्पतालमा ल्याब सञ्चालनका लागि AC जडान : रु.१०,००,०००।- |
| | | | रानी र बैजनाथपुर अस्पतालमा इन्टरनेट तथा अन्य विद्युत्तीय उपकरण खरिद तथा मर्मत : रु.१०,००,०००।- |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

अधिकृत आठौं

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा | | | |
|---|---|---|---|---|---|
| | | | | | रानी र बैजनाथपुर अस्पतालमा बिमा कार्यक्रम सञ्चालनका लागि उपकरण खरिद तथा मर्मत : रु.१०,००,०००।- |
| | | | | | रानी अस्पतालका लागि फर्निचर खरिद : रु.१०,००,०००।- |
| | | | | | बैजनाथपुर अस्पतालका लागि फर्निचर खरिद : रु.१०,००,०००।- |
| | | | | | रानी र बैजनाथपुर अस्पतालको कार्यालय सञ्चालन तथा अन्य खर्च : रु.३०,००,०००।- |
| | | ३ | आधारभूत आयुर्वेद स्वास्थ्य केन्द्र सञ्चालन | २०,००,०००।- | औषधि खरिद : रु.९,८१,८०० |
| | | | | | पञ्च कर्म/पूर्व कर्म सेवा : रु.१,००,०००।- |
| | | | | | घर भाडा : रु.३,१०,२००।- |
| | | | | | जनशक्ति पारिश्रमिक खर्च : रु.२,८८,०००।- |
| | | | | | फर्निचर तथा विद्युत्तीय सामग्री : रु.५०,०००।- |
| | | | | | कम्प्युटर सेट तथा फोटोकपी मेसिन : रु.१,७०,०००।- |
| | | | | | विविध : रु.१,००,०००।- |
| ६ | विविध।<br>अधिकृत आज्ञै | (क) विगतमा बसेका नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको सम्बन्धमा छलफल तथा समीक्षा गरियो।<br>(ख) सम्वत् २०८२ साल भदौ २३ र २४ को आन्दोलनमा भएको तोडफोड र आगजनीबाट विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरूमा भएको क्षतिको मूल्याङ्कन गर्न गठित समितिबाट मूल्याङ्कित रकम रु.१६,२०,४५,९९८।- (खर्च भएर नजाने सामग्री) रु.८८,५१,८३१।- (खर्च भएर जाने सामग्री) गरी जम्मा रु.१७,०८,९७,८२९।- बराबरको क्षतिको विवरण सर्वसम्मतिले अनुमोदन गरियो।<br>(ग) "घ" वर्गको निर्माण इजाजतसम्बन्धी कार्यविधि, २०८१ को पहिलो संशोधन, २०८२ सर्वसम्मतिले स्वीकृत गरियो।<br>(घ) आ.व. २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रममा वडास्तरीय योजना अन्तर्गतका निर्माण योजनामा सोही स्थान वा योजनामा नगरस्तरीय योजना अन्तर्गत समेत योजना छनोट भई थप बजेट विनियोजन भएको भएमा रु.५ (पाँच) लाखसम्मका उल्लिखित बमोजिमका नगरस्तरीय योजनाहरू वडा कार्यालयमार्फत कार्यान्वयन गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो। | | | |

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | विराटनगर महानगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>विराटनगर, मोरङ<br>कोशी प्रदेश, नेपाल<br>अधिकृत आठौं | (ङ) विराटनगर महानगरपालिका, नगर सभाको सोह्रौं अधिवेशनको मिति २०८२/०३/१० मा बसेको बैठकको निर्णय नं. ३१(च) बमोजिम २०८२ साउनदेखि २०८३ असार मसान्तसम्मका लागि फोहोरमैला व्यवस्थापन शाखाका शाखा प्रमुखलाई मासिक शुरु तलबमानको ५० प्रतिशत र उक्त शाखामा कार्यरत दुईजना कर्मचारी (निरीक्षण कार्यमा खटिने सुपरभाइजर) हरूलाई मासिक शुरु तलबमानको ४० प्रतिशत एवम् कार्यालयको विद्युत आपूर्तिसम्बन्धी कार्यमा खटिने कर्मचारी वि.हे. श्री लिलाप्रसाद घिमिरेलाई मासिक तलबमानको ४० प्रतिशत मासिक रुपमा अतिरिक्त समय भत्ता उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(च) गत आ.व. २०८१/०८२ मा सञ्चालित Supply and Installation of Traffic Light and Supporting Accessories for 5 Intersection with Four Arms in Biratnagar (कञ्चनबारी चोक, तीनपैनी चोक, जलजला चोक, घाँस चोक र रोडशेष चोक) निर्माण योजना (ठेक्का नं. BMC/MOR/NCB/TrafficLight-07/080/081) को निर्माण कार्य गत आ.व.मा नै सम्पन्न भई उल्लिखित पाँचै स्थानमा ट्राफिक लाइट सञ्चालनमा रहेकोमा विविध कारणले उक्त कार्यको भुक्तानी हुन नसकेको हुँदा चालु आ.व.को स्वीकृत बजेट तथा कार्यक्रममा भुक्तानी दिन बाँकि योजनाको रुपमा सोको दायित्व सरी आएको र भुक्तानी प्रक्रियामा रहेकै अवस्थामा गत भदौ २३ र २४ गतेको आन्दोलनमा कार्यालय भवनमा भएको आगजनीबाट कार्यालयको योजना तथा पूर्वाधार विकास महाशाखामा पूर्ण रुपमा क्षति पुगी महाशाखामा रहेका सम्पूर्ण सामग्री तथा फाइल/मिसिल/कागजातहरू जलेर नष्ट भएको साथै उक्त आन्दोलनको क्रममा भएको तोडफोडबाट पाँचै स्थानका ट्राफिक लाइटमा क्षति पुगी हाल सञ्चालनमा नरहेको हुँदा जिल्ला प्रहरी कार्यालय, मोरङमार्फत स्थलगत सर्जमिनबाट सो आन्दोलन अघिसम्म उल्लिखित स्थानका ट्राफिक लाइटहरू पूर्ण सञ्चालनमा रहेको यकिन गरी भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(छ) गत भदौ २४ गतेभन्दा पछि सम्झौताको म्याद समाप्त भएका योजनाहरूको गुज्रेको म्याद समर्थन गरी औचित्य र पुष्ट्याइँका आधारमा सम्बन्धित प्राविधिक (साइट इन्जिनियर) को सिफारिस अनुसार म्याद थप गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ज) महानगरभित्र व्यवस्थित र योजनाबद्ध शहरीकरण गर्ने उद्देश्य अनुरुप ल्याण्ड पुलिङ गर्न आवश्यक प्राविधिक सहयोगका लागि नगर विकास कोषलाई अनुरोध गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(झ) विराटनगर महानगरपालिका वडा नं. ९, गुदरी स्थित महानगरपालिकाको स्वामित्वमा रहेको जग्गा कि.नं. २२ (जग्गा क्षेत्रफल ०-०१-७-३ बिघा), 'डि-प्लट'मा Basement Parking सहितको आधुनिक व्यापारिक भवन निर्माण योजनाका लागि नगर विकास कोषमार्फत तयार गरिएको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) सँग अन्तरसम्बन्धित र एकत्रित हुनेगरी कि.नं. ७५, |

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | क्षेत्रफल ०-२-१०-३ बिघाको 'ए-प्लट' (हनुमान मन्दिर बाहेकको क्षेत्र मात्र) र कि.नं. १४९, क्षेत्रफल ०-१-१६-० बिघाको 'बि-प्लट'मा समेत व्यापारिक भवन निर्माण गर्नेगरी विस्तृत अध्ययन प्रतिवेदन तयारीका लागि कोषलाई अनुरोध गर्ने, साथै उक्त परियोजनाका लागि आवश्यक बजेट व्यवस्था गर्न कोषसँग ऋण/अनुदान माग गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

अधिकृत आठौं

## अनुसूची-१

(विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०८/११ मा बसेको बैठक, बैठक संख्या ४-२०८२/०८३ को निर्णय नं. १ सँग सम्बन्धित)

| ठेक्कामार्फत सञ्चालन भएका योजनाका हकमा | | | |
|---|---|---|---|
| सि.नं. | कार्यालयमा जलेर नष्ट भएका कागजातहरू | निर्माण व्यवसायीसँग माग गर्नुपर्ने कागजातहरू | कैफियत |
| १ | स्वीकृत भएको ल.इ. वा BOQ | स्वीकृत भएको ल.इ. वा BOQ को प्रतिलिपि | |
| २ | योजना कार्यान्वयन सम्बन्धी टिप्पणी | - | जलेर नष्ट भएको । |
| ३ | ठेक्का सूचना तथा प्रकाशनका लागि पत्र(कोटेशन बाहेक) | - | जलेर नष्ट भएको । |
| ४ | ठेक्का खोलिएको मुचुल्का(कोटेशन बाहेक) | - | जलेर नष्ट भएको । |
| ५ | मूल्याङ्कन समितिमा पेश गर्ने सम्बन्धी टिप्पणी | - | जलेर नष्ट भएको । |
| ६ | बोलपत्र मूल्याङ्कन समितिको निर्णय(कोटेशन बाहेक) | - | जलेर नष्ट भएको । |
| ७ | आसयको सूचना प्रकाशन सम्बन्धी टिप्पणी(कोटेशन बाहेक) | - | जलेर नष्ट भएको । |
| ८ | आसयको सूचना(कोटेशन बाहेक) | - | जलेर नष्ट भएको । |
| ९ | ठेक्का स्वीकृत टिप्पणी | - | जलेर नष्ट भएको । |
| १० | सम्झौता पत्र | सम्झौता पत्रको प्रतिलिपि | |
| ११ | कार्यादेश पत्र | कार्यादेश पत्रको प्रतिलिपि | |
| १२ | भुक्तानी पाउँ/निर्माण सम्पन्न भएको निवेदनहरु | सो निवेदनको प्रतिलिपि | निवेदनको प्रतिलिपि उपलब्ध नभएमा कार्यालयको मूल दर्ता किताबमा हेरी सो पानाको प्रतिलिपि समावेश गर्ने। |
| १३ | साइट प्राविधिकबाट पेश रनिङ्ग/फाइनल विलहरु | - | फाइनल विलको सम्बन्धमा साइट प्राविधिकलाई पुनः विल बनाई पेश गर्न लगाउने । |
| १४ | रनिङ्ग विल भुक्तानीका टिप्पणीहरु | - | जलेर नष्ट भएको । |
| १५ | म्याद थप सम्बन्धी निवेदन तथा निर्णयहरु(कोटेशन बाहेक) | म्याद थप सम्बन्धी निवेदन तथा म्याद थप भएको सम्बन्धी पत्रको प्रतिलिपि | निर्णयहरु जलेर नष्ट भएको र निवेदन तथा पत्र नभएमा कार्यालयको मूल दर्ता/चलानी किताबमा हेरी सो पानाको प्रतिलिपि समावेश गर्ने । |
| १६ | बैंक जमानतहरु(म्याद थप समेत)(APG, PB, Retention Money Guarantee) | सो जमानतका प्रतिलिपि | Online Bank Varification गरी सोको प्रति समावेश गर्ने। |

अधिकृत आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

| सि.नं. | कार्यालयमा जलेर नष्ट भएका कागजातहरू | निर्माण व्यवसायीसँग माग गर्नुपर्ने कागजातहरू | कैफियत |
|---|---|---|---|
| १७ | निर्माण व्यवसायीबाट रिभाइज स्टिमेट/भेरिएसन गरी पाउँ भनी दिएको निवेदन | सो निवेदनको प्रतिलिपि | निवेदनको प्रतिलिपि उपलब्ध नभएमा कार्यालयको मूल दर्ता किताबमा हेरी सो पानाको प्रतिलिपि समावेश गर्ने। |
| १८ | प्राविधिकबाट पेश रिभाइज स्टिमेट तथा स्टिमेट संसोधन/भेरिएसन सम्बन्धी टिप्पणी | रिभाइज स्टिमेटको प्रतिलिपि | |
| १९ | विल/विजक, भरपाई जलेर नष्ट भएको हकमा | मु.अ.कर समायोजन सहित विल/विजकको प्रमाणित प्रतिलिपि | |
| २० | व्यवसाय दर्ता प्रमाणपत्र, प्यान दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र | व्यवसाय दर्ता प्रमाणपत्र, प्यान दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि | |
| २१ | योजना तथा कार्यक्रमको अनुगमन सुपरिवेक्षण समितिको निर्णय | - | सोको प्रतिलिपि समावेश गर्ने । |
| २२ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अदालत लगायतका निकाय र विभिन्न व्यक्तिहरुबाट परेको उजुरी पत्र, निवेदन तथा विभिन्न आदेशहरु | - | उजुरी परेका योजना यकिन नभएकोले सम्बन्धित निकायमा पत्राचार गरी विवरण माग गर्ने । |

| उपभोक्ता समितिमार्फत सञ्चालन भएका योजनाका हकमा | | | |
|---|---|---|---|
| सि.नं. | कार्यालयमा जलेर नष्ट भएका कागजातहरु | उपभोक्ता समितिसँग माग गर्नुपर्ने कागजातहरु | कैफियत |
| १ | उपभोक्ता गठन सम्बन्धी निर्णयका साथ समितिका पदाधिकारीको नागरिकता तथा कर तिरेको रसिद | उपभोक्ता गठन सम्बन्धी निर्णयको प्रतिलिपि | |
| २ | स्वीकृत भएको ल.ई. | स्वीकृत भएको ल.ई. को प्रतिलिपि | |
| ३ | योजना कार्यान्वयन सम्बन्धी टिप्पणी | - | जलेर नष्ट भएको । |
| ४ | बैंक खाता सञ्चालन सम्बन्धी पत्र | सो पत्रको प्रतिलिपि | पत्रको प्रतिलिपि उपलब्ध नभएमा कार्यालयको मूल चलानी किताबमा हेरी सो पानाको प्रतिलिपि समावेश गर्ने। |
| ५ | सम्झौता गर्न आउने सम्बन्धी पत्र | सो पत्रको प्रतिलिपि | पत्रको प्रतिलिपि उपलब्ध नभएमा कार्यालयको मूल चलानी किताबमा हेरी सो पानाको प्रतिलिपि समावेश गर्ने। |
| ६ | सम्झौता पत्र | सम्झौता पत्रको प्रतिलिपि | |
| ७ | कायदिश पत्र | कायदिश पत्रको प्रतिलिपि | |

अधिकृत आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

| सि.नं. | कार्यालयमा जलेर नष्ट भएका कागजातहरु | उपभोक्ता समितिसँग माग गर्नुपर्ने कागजातहरु | कैफियत |
|---|---|---|---|
| ८ | सम्झौता तथा भुक्तानीका लागि वडाको सिफारिस | - | जलेर नष्ट भएको । |
| ९ | निर्माण सम्पन्न भएको निवेदन | सो निवेदनको प्रतिलिपि | निवेदनको प्रतिलिपि उपलब्ध नभएमा कार्यालयको मूल दर्ता किताबमा हेरी सो पानाको प्रतिलिपि समावेश गर्ने। |
| १० | निर्माण सम्पन्नका लागि बसेको उपभोक्ता समितिको निर्णय | सो निर्णयको प्रतिलिपि | |
| ११ | खर्च सार्वजनिकीकरणको निर्णय | सो निर्णयको प्रतिलिपि | |
| १२ | अनुगमन समितिको निर्णय | सो निर्णयको प्रतिलिपि | |
| १३ | साइट प्राविधिकबाट पेश रनिङ्ग/फाइनल विलहरु | - | फाइनल विलको सम्बन्धमा साइट प्राविधिकलाई पुनः विल बनाई पेश गर्न लगाउने । |
| १४ | उपभोक्ता समितिबाट पेश सक्कल विल तथा डोर हाजिरी फारम | विल तथा डोर हाजिरीको प्रमाणित प्रतिलिपि | |
| १५ | योजना तथा कार्यक्रमको अनुगमन सुपरिवेक्षण समितिको निर्णय | - | सोको प्रतिलिपि समावेश गर्ने । |
| १६ | रनिङ विल भुक्तानीका टिप्पणीहरु | - | जलेर नष्ट भएको । |
| १७ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अदालत लगायतका निकाय र विभिन्न व्यक्तिहरुबाट परेको उजुरी पत्र, निवेदन तथा विभिन्न आदेशहरु | - | उजुरी परेका योजना यकिन नभएकोले सम्बन्धित निकायमा पत्राचार गरी विवरण माग गर्ने । |

अधिकृत आठौं

...नगर, मोरङ
कोशी प्रदेश, नेपाल